म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १० बुधबार २४ साउन २०८० ने. सं. ११४३ अनलागा 9 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं**

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

**भू-क्षयबाट बचौं र बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मकवानपुरमा पहिरो र बाढीको उच्चजोखिम, विपद् प्रतिकारको योजना के छ ?

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/दुई दिनसम्म मनसुनी वर्षा निरन्तर भएसँगै मकवानपुरमा बाढी पहिरोको उच्चजोखिम बढेको छ । सोमबार रातीदेखि परेको निन्तर वर्षाले सडकहरु अवरुद्ध हुनुका साथै जनधनको क्षति पुऱ्याएको छ ।



जिल्लाका १० स्थानीय तह सबै पहिरो र बाढीको जोखिममा छन् । मकवानपुरको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिकामा पहिरोको उच्चजोखिम छ । हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन भने थाहा नगरपालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुर गढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेको छन् । पूर्वी क्षेत्रस्थित बागमतीको बागमती नदीसहित चौराहाखोला र दर्जन बढी चुरेबाट झर्ने खहरेखोलाको कारण यहाँ वर्षेनि सयौं हेक्टर जमिन कटान हुनुको साथै मानवीय क्षति हुने गरेको छ ।

मंगलबार बिहान बागमती गाउँपालिकामा पहिरो जाँदा एक घर पुरिएको र मानवीय क्षति भएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए । शर्माले मकवानपुरमा मनसुन दुई दिनदेखि भएपछि पहिरो र बाढी जान थालेको बताए । उनले सशस्त्र प्रहरी, नेपाल प्रहरीलाई विपद् प्रतिकारको योजनाअन्तर्गत् तयारी अवस्थामा राखिएको जानकारी दिए । आवश्यक परेको अवस्थामा नेपाली सेनाको टोलीलाई पनि विपद् रोकथाम र नियन्त्रणको लागि परिचालन गर्न प्रशासन तयार रहेको शर्माले बताए । उनकाअनुसार जिल्ला प्रशासनको नेतृत्वमा रहने जिल्ला विपद् समितिको बैठकले जिल्लाका १० वटै स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट व्यवस्था गर्न अनुरोध गरि सकेको छ ।

मनसुन सक्रिय भएपछि नदीउकास क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणलाई सचेत रहन सहायक प्रजिअ शर्माले अनुरोध गरे । पश्चिम मकवानपुरको मनहरी, राक्सिराङ तथा कैलाश गाउँपालिकामा रहेका मनहरी खोला, लोथर खोला तथा राप्ती खोलाले वर्षेनी ठुलो मात्रामा जमिन कटान गर्नुको साथै बस्तिमा खोला पस्ने समस्या रहेको छ । जिल्लाकै पहाडी क्षेत्रमा पहिरोको जोखिम छ । मकवानपुरगढीको आमभञ्याङ, सुकौरा, बुढीचौर क्षेत्रमा बाढी तथा पहिरोको उच्चजोखिम रहँदै आएको छ भने शिवम् सिमेन्टको खानीको अव्यवस्थित उत्खननको कारण यि क्षेत्रमा उच्चजोखिम रहेको छ । राक्सिराङ गाउँपालिकामा पनि ऋद्धिसिद्धि सिमेन्टको खानी क्षेत्र सञ्चालन पछि गाउँ नै विस्थापित भइसकेको छ ।

हरेक वर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिमवहन गरिरहेको मकवानपुरमा २०७८ सालमा स्थानीय तहले २ हजार १ सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अतिजोखिममा रहेका जनाएका थिए । जसमध्ये करिब १ हजार ३ सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका थिए । तर, २०८० असारसम्म आइपुग्दा व्यवस्थित स्थानान्तरणको काम हुन सकेको छैन । दुर्गम राक्सिराङ गाउँपालिकाको महाभारत भीरमा हाल धाजा फाटिएको छ । वडा नम्वर-४ मा पर्ने भीर पनि चर्किंदै गएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । गाउँपालिकाको ९ वटै वडा विपद्को जोखिममा भए पनि ९ नम्वर वडा सबैभन्दा बढी जोखिममा रहेका अध्यक्ष मल्लले बताए ।

वडा नम्बर ९ को खैराङमा २०७२ सालको भूकम्पले जमिन पुरै चर्किएको भन्दै पुनर्निर्माण प्राधिकरणले सोही बेलामा बस्नको लागि उपयुक्त नरहेको बताएको थियो । गाउँपालिकाले जोखिमयुक्त बस्ती स्थानान्तरणको लागि पहल गर्दा पनि सम्बन्धित निकायले ध्यान नदिएको मल्लको गुनासो छ । बकैया गाउँपालिकाको-६ वटा वडामा पहिरो जोखिम छ । फास्ट ट्र्याकको बाटो निर्माण भइरहेको गाउँपालिकामा बाटो निर्माण गर्दा सावधानी नअपनाएकाले ८० घर जोखिममा रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको अनुसार ठूलो संख्यामा स्थानीयको ज्यान नै जोखिममा हुँदा पनि सम्बन्धित निकाय मौन छ ।

सहायक प्रजिअ शर्माले सम्बन्धित स्थानीय तहले बस्ती स्थानान्तरणको निर्णय गरेर जिल्लामा ल्याए सुरक्षित स्थानमा व्यवस्थापन गर्न प्रशासन तयार रहेको बताए । २०७२ सालको भूकम्प पछि मकवानपुरमा बाढी तथा पहिरोका घटना बढी हुन थालेका छन् । भूभाग कमजोर हुँदा बाढी पहिरोका घटना बढी हुन गएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । जिल्लाका अधिकांश भाग विपद्को जोखिममा रहेको जानकारी भएपनि विपद्बाट बच्ने तथा उद्धारका लागि पूर्वतयारी भने पर्याप्त नहुनुका साथै कमजोर छ । भारी वर्षा तथा भूकम्पका कारण पुराना र निष्क्रिय भएका पहिरो पुन: सक्रिय हुन सक्छन्, नयाँ पहिरोसमेत जान सक्छ । नेपालमा २०७२ को भूकम्पका कारण १४ जिल्लामा पहिरोका घटना बढेको पाइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मनसुनका कारण हुने पहिरोको जोखिममा ३२ जिल्ला र उच्चजोखिममा २२ जिल्ला रहेका छन् । जसमध्ये मकवानपुर पनि रहेको छ । बाढीको उच्चजोखिममा रहेका जिल्ला २३ वटा छन् । १० वर्षमा भएको क्षति, जनघनत्व, भौगोलिक अवस्थिति र भौतिक संरचनाका आधारमा जोखिम स्थिति मूल्यांकन गरिएको प्राधिकरणले जनाएको छ । काठमाडौं, भक्तपुर, ललितपुर, बुटवल, हेटौंडा, चितवन, तुलसीपुर, घोराही एवं वीरेन्द्रनगरको सहरी क्षेत्रलाई बाढीको दृष्टिबाट उच्चप्रकोपयुक्त क्षेत्र मानिएको प्राधिकरणले जानकारी दिएको छ ।

## बागमती प्रदेश प्रहरीबाट एक वर्षमा १८ करोडको सामग्री बरामद

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौडाले गत आ.व २०७९/८० मा १८ करोड भन्दा बढी मूल्यको भन्सारजन्य सामग्री बरामद भएको जनाएको छ ।

प्रदेशका १० जिल्लामा बिभिन्न सामग्री नियन्त्रणमा लिई १८ करोड १० लाख १५ हजार सात सय ३१ रुपैयाँ बराबरको भन्सारजन्य सामग्रीसँगै ८० जनालाई पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक एबं सूचना अधिकारी दीपक रेग्मीले बताए । बागमती प्रदेशमा सबैभन्दा बढी चित्तवन जिल्लाबाट एक करोड २६ लाख नौ सय ६० रुपैयाँ बराबरको सात सय ४६ ग्राम सुन, तीन सय ८१ क्युफिट अबैध काठबाट १३ लाख ४१ हजार ४ सय ७१ रुपैयाँ र अबैध अन्य सामग्रीबाट करीब ५ करोड ४४ लाख २२ हजार ३ सय ८३ गरी ६ करोड ८३ लाख ६४ हजार ८ सय १५ रुपैयाँ बराबरको भन्सारजन्य सामग्री बरामद भएको र १९ जना पक्राउ भएको रेग्मीले बताए ।

यस्तै मकवानपुर जिल्लाबाट गत आ.वमा एक करोड १७ लाख ८५ हजार २ सय ४४ रुपैयाँ बराबरको सात सय ८४ ग्राम सुनँगै तीन करोड ९८ लाख ८४ हजार २ सय ७९ रुपैयाँ बराबरको अन्य अबैध सामग्री र तीन लाख ४७ हजार दुईसय ३० रुपैयाँ बराबरको एक सय ५ क्युफिट काठ बरामद गरी जम्मा ५ करोड ३८ लाख १५ हजार २ सय ५४ रुपैयाँ बराबरको भन्सारजन्य सामग्री बरामदसंगै १० जनालाई पक्राउ गर्न सफल भएको छ ।

यस्तै सिन्धुली जिल्लाबाट एक करोड ५७ हजार ६ सय ९ रुपैयाँ सहित ६ जनालाई पक्राउ गर्न सफल भएको प्रहरी वरिष्ठउपरीक्षक रेग्मीले बताए । यस्तै काभ्रे जिल्लाबाट अबैध सामग्रीबाट ९३ लाख ९३ हजार ९ सय ४६ रुपैयाँ र ३० क्युफिट काठ बरामद मार्फत् ५७ हजार ५ सय गरी ९४ लाख ५१ हजार ४ सय ४ रुपैयाँ बराबरको भन्सारजन्य सामग्री बरामद सहित ८ जनालाई नियन्त्रणमा लिइएको छ । यस्तै सिन्धुपाल्चोक जिल्लाबाट एक सय ७३ क्युफिट काठ बरामदबाट २ लाख ७९ हजार २ सय ७५ रुपैयाँ बराबरको भन्सार जन्य सामग्री बरामदसहित १३ जना पक्राउ परेका छन भने नुवाकोट जिल्लाबाट तीन सय ८४ क्युफिट काठ बरामदबाट ४ लाख ६२ हजार ५० बराबरको भन्सारजन्य सामग्री बरामदसहित ९ जना पक्राउ गरिएको छ ।

यस्तै धादिङ जिल्लाबाट अबैध सामग्री बरामदबाट दुई करोड २१ लाख सात हजार ८ सय ५८ र चार सय २९ क्युफिट काठ बरामदबाट तीन लाख ९८ हजार गरी २ करोड २५ लाख ५ हजार ८ सय ५८ रुपैयाँ बराबरको भन्सार जन्य सामग्री बरामद सहित ९ जना पक्राउ गीरएको छ । रसुवा जिल्लाबाट दुई सय ६० ग्राम चादी बरामदबाट ६ लाख १८ हजार ९ सय २ रुपैयाँ,अन्य अबैध सामाग्री बरामदबाट एक करोड ४९ लाख ४१ हजार २ सय ३० रुपैयाँ गरी १ करोड ५५ लाख ६० हजार १ सय ३२ रुपैयाँ बराबरको भन्सारजन्य सामग्री बरामदसहित ६ जनालाई पक्राउ गरिएको रेग्मीले बताए । गत आबमा रामेछाप र दोलखामा भन्सारछली गरी ल्याईएका सामानहरु कुनैपनि पक्राउ नभएको उनले बताए ।

## पहिरोले घर पुरिँदा एक जनाको मृत्यु, ६ जना बेपता

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ५ सिक्रेदोभानमा पहिरोले घर पुरिँदा एक जनाको मृत्यु भएको छ ।



घरमा रहेका अन्य ६ जना वेपत्ता भएको प्रहरीले जानकारी दिएको छ । घाइते एकजनाको उपचारको क्रममा मृत्यु भएको हो । अबिरल बर्षासँगै आएको पहिरोले मंगलबार विहान स्थानीय अक्कलबहादुर स्याङ्तानको घर पहिरोले पुरिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार ६० बर्षीय अक्कलबहादुर स्याङ्तान, उनको श्रीमती ५५ बर्षीया सन्तमाया स्याङ्तान, उनको छोरी २२ बर्षीया शिला पहरी, ज्वाई २५ बर्षीय जीवन पहरी, नाती ४ बर्षीय मिलन पहरी, नातिनी डेढ बर्षीया दिब्या पहरी र सिन्धुली हरिहरपुर गाउँपालिका वडा नम्बर १ कोकटी बस्ने १९ बर्षीय पासाङ घिसिङ पहिरोमा परेका हुन् ।

पहिरोमा परेकामध्ये सन्तमाया स्याङ्तानको उद्दार गरी स्थानीय मेडिकलमा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । घटनास्थलमा पाँचजना प्रहरीको टोलीले उद्दार कार्य गरिरहेको उनले बताए ।

## कार्यालय स्थापनाको अवसरमा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन जिल्ला कमिटी मकवानपुरको आयोजनामा हेटौंडामा मंगलबार रक्तदान कार्यक्रम भएको छ । संगठनको कार्यालय उद्घाटनको अवसरमा आयोजित कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् ।

५ जना महिला र ३० जना पुरुषले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौंडाका प्रविधिक किशोर सापकोटाले जानकारी दिएका छन् । संगठनको कार्यालय हेटौंडामा उद्घाटन भएको छ । रक्तदान संगठनका अध्यक्ष शिवबहादुर थापाको अध्यक्षता रहेको थियो ।

**Join IT Career in HCC**

**Admission Open**

**+2**

Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



**Bachelor Program**

BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त )** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch** ) लागि प्**वेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class** ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# डेंगुको जोखिममा मकवानपुर

मकवानपुरमा गत वर्षझैं यसवर्ष पनि डेंगुको महामारी फैलनसक्ने भन्दै रोकथामका कार्यक्रम गर्न सबै जुट्नुपर्नेमा जोड दिइएको छ । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको आयोजना तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरको संयोजनमा सोमबार हेटौंडामा भएको जिल्लाका सरोकारवाला बीचको अन्तरक्रिया कार्यक्रममा डेंगुले महामारीकै रुप लिने संकेत देखिएको भन्दै डेंगु रोकथामका साथै बिरामीको उपचारको लागि तयारी गर्नुपर्ने बताइएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले हालसम्मको संक्रमणको अवस्था हेर्दा यसवर्ष पनि महामारीकै रुपमा फैलनसक्ने जनाएको छ । गत आर्थिक वर्ष २०७९/८० मा मकवानपुरमा ५ हजार ९ सय ६४ जनामा डेंगु संक्रमण भएको थियो । चालु वर्षको साउन १ गतेयता मात्रै ६४ जनामा डेंगु संक्रमण पुष्टी भइसकेको छ । अघिल्ला वर्षहरुको संक्रमणको अवस्था हेर्दा डेंगु संक्रमण हुने मुख्य समय भनेको भदौ, असोज र कात्तिक हो । गतवर्ष साउनमा बिरामी देखिन थालेकै थिएनन्, यसवर्ष साउनमै ६४ जना संक्रमित भेटिएकाले यसवर्षको भदौदेखि कात्तिकमा उच्चसंक्रमण हुने अनुमान गर्न सकिन्छ । गतवर्ष हेटौंडा र मनहरी गाउँपालिकामा सबैभन्दा बढी डेंगु संक्रमण फैलिएको थियो ।

एडिस एजिप्टाई लामखुट्टेको टोकाईबाट सर्ने डेंगु संक्रमण नियन्त्रणका लागि लामखुट्टेको बासस्थान नष्ट गर्न तीव्रताका साथ लाग्नुपर्ने स्वास्थ्य कार्यालयको सुझाव छ । खुला ठाउँमा जमेको सफा पानीमा लामखुट्टेले अण्डा पार्ने र लामखुट्टे वृद्धि हुने हुँदा त्यस्तो पानी जम्ने खाल्डाखुल्डी पुर्ने, पानी जम्ने भाँडाहरु, गमला, टायर लगायत खाली गराउने र औषधि छर्कने कार्यलाई सबै सरोकारवालाले अभियानकै रुपमा नियमित सञ्चालन गराउनुपर्नेमा जोड दिइएको छ । औषधि र किटको अभाव हुन नदिन सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ । सबैभन्दा महत्वपूर्ण काम भनेको लामखुट्टेको अधिक बासस्थान हुने स्थान पहिचान गरी त्यता ध्यान दिनु जरुरी छ । नेपाल रेडक्रस सोसाइटीले डेंगु रोकथामका लागि लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियान सञ्चालनका लागि उपशाखाहरुलाई निर्देश गरिसकेको बताइएको छ । हेटौंडा अस्पतालमा अघिल्लो वर्ष डेंगु किट अभाव भएको समाचार आएको थियो । यस वर्ष अस्पतालले ३ हजार किट तयारी अवस्थामा राखेको बताइएको छ । गत वर्षझैं बिरामीको उपचारमा हेटौंडा अस्पतालले स्रोत र साधनले भ्याएसम्म बिरामीको उपचार गर्ने तयारी गरेको छ । यस्ता तयारी हेटौंडामा रहेका सबै निजी तथा सामुदायिक स्वास्थ्य संस्थाले पनि गर्नुपर्दछ । सम्बन्धित निकायले सबै स्वास्थ्य संस्थालाई उच्चसतर्कतामा राख्ने र बिरामीको संख्या बढ्नेबित्तिकै उपचारमा सहजीकरण गर्नु जरुरी छ ।

पहिलो प्राथमिकतामा रोग संक्रमण हुनै नदिने उपायमा ध्यान दिने हो भने दोस्रोमा रोग लागिसकेपछि उपचारमा जाने हो । टोल विकास संस्थाहरुले आफ्नो टोलमा लामखुट्टे मार्ने बिषादि छिट्ने काम गरिरहेका छन् । सबै वडा कार्यालयले यो अभियानमा संयोजन गरेका छन् । लामखुट्टेको टोकाइबाट हुने संक्रमण बढी जोखिमपूर्ण हुने बिज्ञहरुले बताएका छन् । लामखुट्टेको टोकाइबाट लाग्ने रोगमध्ये डेंगु सबैभन्दा घातक हो । एडिज नामक पोथी लामखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्छ । डेंगु भएमा ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने र शरीरका विभिन्न अंगबाट र गत बग्ने हुन्छ । डेंगु चार प्रकारका हुन्छन् । यदि डेंगु सुरुवाती चरणमा छ भने झोलिलो खानेकुरा खाएर आराम गर्नुपर्छ, आफैं निको भएर जान्छ । तर, ज्वरो दोहोरिएको अवस्थामा डेंगुले जटिल समस्या निम्त्याउँछ । चिकित्सकले डेंगुको परीक्षण गरेर बिरामीको अवस्था नियाल्दै उपचार गर्ने गर्छन् । डेंगु भएको लामखुट्टेले कुनै मानिसलाई टोकेपछि डेंगुको भाइरस मानिसको रगतमा प्रवेश गर्छ । यस्तो भाइरस दुईदेखि सात दिनसम्म मानिसको रगतमा रहने गर्छ । डेंगुको समस्याबाट ग्रसित मानिसको गिजाबाट रगत निस्कने गर्छ । यसकै कारण टाउको दुख्ने, ज्वरो आउनेलगायत समस्या हुन्छन् । यसै पनि डेंगु ज्वरोले करिब ७ देखि १० दिनसम्म आक्रान्त पार्ने गर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २५ गते बिहीबार १० अगष्ट २०२३ । नवमी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३२, सूर्यास्त ६:४५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

# दरबार, दिल्ली र एमाले



✍ दयालबहादुर शाही

एक युग थियो- दरबार वा दिल्ली खुशी नबनाई नेपालमा राजनीति गर्न र टिक्न सकिन्न भन्ने । लड्नेको हालत भीमदत्त पन्तको जस्तो हुन्छ भनेर तर्साउने गरिन्थ्यो । लेख्नेको हालत पुष्पलालको जस्तो हुन्छ भन्ने गरिन्थ्यो । दुई तिहाइ बहुमत पाएर पनि सत्ताच्युत पारिएर जेलजीवन र निर्वासनको कहर खेपिरहेका विश्वेश्वरप्रसाद कोइरालालाई देखाएर जनताले राजासँग टक्कर लिदा यस्तै हुन्छ भनेर निरंकुशताको जाँतोमा जनतालाई पिसिन बाध्य पार्ने गरिन्थ्यो । त्यसैले भन्न सकिन्छ– नेपालमा सशस्त्र बल र शास्त्र बलको एकैसाथ जीर्णोद्धार गरी स्थितिलाई उल्ट्याउने र जनताको राज र जनताको युग ल्याउने शक्ति एमाले हो । सक्कली आमालाई मात्र आफ्नो सन्तानप्रति साँचो माया हुन्छ ।

स्थिति र उपलब्धिको रक्षा खातिर आज पनि प्रतिगमन र हस्तक्षेप विरुद्ध खरो उत्रने मुलुकको एक मात्र राजनीतिक शक्ति एमाले हो । नेपालमा जनताको पकड बलियो पार्ने शक्ति भएकाले राजतन्त्रका हिमायती र भारतीय शासक वर्ग एमालेदेखि चुर छन् । हरेक सार्वभौम सत्तासम्पन्न लोकतान्त्रिक देशमा जस्तै नेपालमा पनि जनताको सर्वोच्चता छ । तर यसबाट कोही सबैभन्दा दु:खी छन् भने ती शक्ति भनेका विघटित राजतन्त्रका हिमायती र भारतीय शासक वर्ग नै हुन् । किनकि यसअघि नेपालमा राजतन्त्र र राजदूततन्त्र बीच प्रत्यक्ष वा परोक्ष रूपमा एकप्रकारको द्वैध शासन थियो ।

२००७, २०४६ र २०६२/६३ सालमा गरी किस्ता-किस्ताका सफल जनआन्दोलनले यी दुवै शक्तिको हालीमुहाली र हैकममा पूर्णविराम लागेको छ । लुटको स्वर्ग नरहेपछि दरबार र दिल्ली दुवै शक्ति यो वा त्यो प्रकारले आफ्नो पुरानो रजगजलाई प्राण दिन सक्रिय छन् ।

राजतन्त्रको नसबन्दी गरे पनि राजदूततन्त्रको नसबन्दी गर्ने इतिहासको कार्यभार अझै बाँकी छ । त्यसैले नेपालमा भारतेली शासक वर्गको हैकम, हस्तक्षेप, सूक्ष्म व्यवस्थापन लोकतन्त्रकालमा झन् बढेको छ । के अब सबै बर्बाद भइसकेको हो त ? बिल्कुल होइन । किनकि पहिलो कुरा त नेपाली जातिको स्वाभिमानको मेरुदण्ड मजबुत छ । दोस्रो, नेपाली जनताको देशभक्तिको भावना उच्च र चेतनास्तर समकालीन विश्वले अनुमान गरेभन्दा निकै बढी हुने युग-युगदेखिको सिलसिला अविच्छिन्न र अटल छ ।

तेस्रो, नेपाली जनताको साथमा र काखमा एमाले जस्तो विचार, जनाधार, सदाचार र विरासत भएको सदावहार राजनैतिक नेतृत्वको मौजुदी छ ।

चौथो, राष्ट्रको स्थायी अंग सेनाको नेपाली जनता र जनताको सर्वोच्चताप्रतिको अटल निष्ठा र बफादारीमा कुनै पनि प्रकारका जालसाजी र चलखेलले छिना चलाउन सकेको छैन र नेपाली सेनाको आन्तरिक जीवनमा कटवाल-कुलबहादुर किचलो यता कुनै किचलो र संकट छैन ।

### महाशक्तिको सामना

महाशक्तिको सामना चानचुने कुरा होइन । हिम्मत भएको सिंहले मात्र हात्तीमाथि हमला गर्छ । बेलायत, चीन र रणजित सिंहकालीन पञ्जाब भारतसँग खाँडो पखालेको नेपाली जाति भारतसामु सिक्किम र भुटान झैं सरीसृप बाबियो हुन तयार छैन ।

आजका शक्तिशाली देश अमेरिका र भारत हिजोको बेलायतको एउटै झण्डामुनि र हेको बेला १८२२ सालमा सिन्धुलीगढी युद्धमा कप्तान किनलकलाई हराएको गौरवशाली इतिहास भएको वीर जाति नेपाली आजको लोकतान्त्रिक युगमा कुनै पनि प्रकारको गुलाम बन्न तयार छैन ।

बेलायत, अमेरिका र भारतसँग एकैसाथ पंगा लिएको गौरवशाली शस्त्र र शास्त्र बलको विरासत नेपालसँग मात्र छ । हिमालयका सन्तानहरूको आदत हिमालय झैं अटल रहने परेको हुन्छ । नेपाली स्वाभिमान सतिसाल झैं उभिन रुचाउँछ । देशभक्त र दलालहरूको जित-हार चक्र जस्तै घुम्छ । अफगानिस्तानका तालिवानहरूले आफ्नो देशलाई तहसनहस पारेर मात्र उहिलेको सोभियत संघ र अहिलेको अमेरिकालाई घुँडा टेकाए ।

युक्रेनी राष्ट्रपति भ्लादिमिर जेलेन्स्की देश खरानी पारेर पनि सत्तामा टाँसिएकै छन् । तर नेपालमा सत्ताबाट हटेर पनि एमालेले शक्ति राष्ट्र र तिनले सत्तामा थमाएका कठपुतली शासकका आँखाको कसिंगर भएर किन नहोस् नेपालको स्वाभिमानको मेरुदण्डलाई मजबुत पारेको सत्यलाई जनताले बिर्सेका छैनन् । नेपालका बहुदलीय जनवादीहरूले देशलाई जोगाउँदै प्रत्यक्ष हस्तक्षेप भन्दा पनि घातक प्रकारको अप्रत्यक्ष हस्तक्षेप र सूक्ष्म व्यवस्थापन गर्न पल्केका शक्तिलाई घुँडा टेकाउने औकात राख्दछन् ।

नाकाबन्दीको दृढतापूर्वक सामना गरे पनि राजा वीरेन्द्र र मरिचमान सिंहको जोडाले एकप्रकारले भारतसामु घुँडा टेक्नु परेको थियो । तर नेपालका सचेत जनता र तत्कालीन प्रधानमन्त्री केपी ओलीको जोडा मिलेकाले २०७२ सालको नाकाबन्दी उल्टै दिल्लीका लागि महँगो साबित भयो ।

संविधान घोषणाको मुद्दामा प्रचण्ड एमालेसँग निकट रहे । सेनापति काण्डको बेला भारत र कोइराला खेमा प्रचण्डमाथि भारी परे । यसको बदला लिन प्रचण्डले प्रधानमन्त्रीको होडमा पनि सुशील कोइरालालाई हराएर ओलीलाई जिताउने खेलमा लागे ।

### शक्तिकेन्द्रको बिस्कुन

गीतामा भनिएको छ- 'गलत दिशातिर भड्किरहेको मन खराब शत्रुभन्दा घातक हुन्छ ।' गलत दिशातिर भड्किएको प्रचण्डको मूडको शिकार अनाहकमा नेपालले हुनुपरेको छ । विगत तीन दशकयता नेपालले भोग्नुपरेको सास्तीको गाँठो प्रचण्डले लिएको गलत दिशा र विपरीत बुद्धिनेर परेको छ । कहिले एमाले र कहिले कांग्रेस गुहार्ने, भारतलाई धम्काउन चिनियाँ कार्ड, चीनलाई चिढ्याउन भारतको महिमागान प्रचण्ड अस्थिरताका झाँकीहरू हुन् । यस्तो अभ्यासले नेपालको थाप्लोमा बर्बादी मात्र थोपरेको छ ।

'कि बिगार्छ आकाशको गड्कने कि बिगार्छ धरतीको भड्कने !' आफ्नो बलबुतामा विश्वास नगर्ने, शक्ति प्राप्तिका लागि विदेशी गुहार्ने, धैर्यको सट्टा भड्काउको भाषा बोल्ने गलत राजनीतिक कार्यशैलीले गर्दा नेपालको राजनीति धमिलिएको छ । संयोग नै भनौं वर्तमान सत्ता गठबन्धनका प्राय: सबै हस्तीको उठान भड्कावलाई सोपान बनाएर भएको छ । शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराई, वामदेव गौतम सबै पार्टी फोरुवा परेका छन् ।

लोकतन्त्रलाई काँध थाप्न बलियो लोकतान्त्रिक दलको दरकार पर्छ । सत्तारुढ दलका प्रमुख हस्तीहरूले भने महत्वाकांक्षामा ठेस पुग्दा मातृपार्टीलाई माकुरी माउ झैं खाइसिध्याउने गरेका छन् । सत्ता गठबन्धनका हस्तीहरू राजनीतिलाई सन्तान-दरसन्तानलाई धनकुबेर बनाउने र आम जनताको खल्ती रित्याउने कार खाना बनाएका छन् । देशको अगुवाले गर्ने असल र खराब आचरण र कर्मको सिको युवापुस्ताले गर्छ । यसरी राष्ट्रिय आवाराको नक्कल गर्नबाट युवापुस्तालाई बचाउने चुनौती थपिएको छ । देशमा यस्तो जमात बढ्नुको मूल कारण चुनावमा पार्टी फोरुवाहरू यथोचित मात्रामा जनताबाट दण्डित नहुनु हो ।

एमाले र कांग्रेसले एकअर्कालाई ढाल्न भरुवा पेस्तोलका रूपमा प्रचण्डलाई उपयोग गर्दा राष्ट्रिय चेत र देशभक्ति तपसिलमा पर्ने खतरा बढेको छ । मतलब लुट्ने, तर कुन घट्टमा कति बेला पिसिने हो थाहा नपाउने घुनको जस्तो चेतले देश बनाउन र बचाउन सकिंदैन । घुनमती र हीनमतीले उत्थान होइन, पतनसम्म पुऱ्याउँछ । हामीले देशको निरन्तर उत्थान गर्नुछ । हरेक नागरिकमा मौरीको जस्तै कर्म र कुर्बानी धर्मको चेतना हुनुपर्छ । समाजको परबाह नगर्ने जमात नेपाल जस्तो कमजोर र संवेदनशील भूराजनीति रहेको मुलुकका निम्ति मुटु नजिकै पुगेको छुरा जस्तै घातक हुन्छ ।

कार्ल मार्क्सको भनाइमा इतिहासमा घटनाहरू हुबहु दोहोरिंदैनन्, बरु एकपटक दु:खान्त नाटकको रूपमा र अर्को पटक त्यसको भद्दा कार्टुनको रूपमा दोहरिन्छन् । षडयन्त्रपूर्वक गरिएको काम अनिष्टकारी हुन्छ ।

चाइना कार्ड प्रचण्डको देखाउने दाँत मात्र हो भन्ने जान्दाजान्दै पनि भारतीय संस्थापनले नेपालको लोकतन्त्रलाई साथ दिएको नाटक गरेर कांग्रेसलाई पनि काखी च्याप्न थाल्यो । अविवेकीको पतन अनेक प्रकारले हुन्छ । चाइना कार्ड प्रयोग गरी ब्ल्याकमेलको भाषा बोलिरहेका प्रचण्ड सेनापति काण्डमा गएर बजारिन र थचारिन पुगे । उक्त काण्डले प्रचण्डलाई फेरि उठ्नै नसक्ने गरी धरासायी पाऱ्यो । रिस, असहिष्णुता, कपट र कृतघ्नताको गोदाम भएर पनि प्रचण्डमा त्याग, दया, धैर्य, सौर्य, साहस र कुर्बानीको अभाव हुनुको एकमुष्ट झटारोले प्रचण्डको सेखी र महत्वाकांक्षालाई भुईंको बास गरायो । जननेता मदन भण्डारी भन्नुहुन्थ्यो- 'राजनीति ढाँट-ठगको विषय होइन, खुल्ला र स्पष्ट हुनुपर्छ ।' लिम्पियाधुरा समेटिएको नक्शा छापिएपछि नेपालमा नयाँ प्रकारको ध्रुवीकरण देखा परेको छ ।

देशभक्तिको खुला र स्पष्ट राजनीति एकातिर छ भने अर्कोतिर राष्ट्ररक्षा र देशभक्तिलाई विषयान्तर गर्ने कठपुतली खडा गर्ने काम भइरहेको छ । देउवा, प्रचण्ड र माधवहरूले मात्र नपुगेर स्वतन्त्रको बिल्लाधारी लघु प्रचण्डहरूको बिस्कुन लगाइएको छ । उर्लिएको ओली लहरलाई र ोक्न घेराबन्दी, विभाजन र स्वतन्त्रहरूको त्रि-आयामिक चक्रव्यूह रचिएको छ ।

नेपालको जीवनरथ नेपाली जनताको सर्वोच्चता, बलबुता र रोजाइको लिकमा उभ्याएर गुड्नुपर्छ भन्ने मदन मिसन र भारतीय रुचि बीच विगत तीन दशकदेखि पेचिलो द्वन्द्व छ । विदेशी शक्तिको र हस्तक्षेपको घेरा तोड्ने रामबाण भनेकै सचेत र देशभक्त जनमत हो ।

नेपालमा नेपाली जनताको शान, स्वाभिमान र सर्वोच्चता स्थापित गर्नमै जननेता मदन भण्डारीको सिंगो जीवन खपत भएको छ । वास्तवमा भन्ने हो भने मदनको यही 'गति' र 'सरस्वती' नै आधुनिक नेपालको जीवनरस हो ।

इमानदारी नै उत्तम नीति हो । जननेता मदन भण्डारीबाट प्रेरित एमालेको युवापुस्ताले एकातिर कांग्रेस र माओवादीलाई भारतीय रुचिको अनुकूलतामा चल्न दिएन भने अर्कोतिर माधव, झलनाथ र वामदेवहरूबाटको आन्तरिक घेराबन्दीको सामना गरिरहेका ओलीको पल्ला भारी पार्दै आन्तरिक शक्तिऐंठन झेलिर हेको एमालेको पोल्टामा पुनरोदय र स्वाभाविक लयको सौभाग्य थमाउन सक्यो ।

राष्ट्ररक्षा र देशभक्ति एक जटिल साधना हो । जनता नजुटाएर, फुटेका मनहरू नसिलाएर, दिल, दिमाग, दृष्टिकोण, द्रव्य र दलबलको जोहो नगरेर साँचो लोकतन्त्र र स्वाभिमान रक्षाको महायज्ञ संभव हुँदैन । नेपाल र नेपालीको अविच्छिन्न अस्तित्वको लागि शस्त्रबल र शास्त्रबलको जोहो गर्न सक्ने एक लोकतान्त्रिक, देशभक्त र प्रगतिशील राजनीतिक दल इतिहासको माग थियो ।

मदन हत्या, मनमोहनको अवसान र माधव, झलनाथ र वामदेवहरूको शक्तिऐंठनका तगारा तोड्दै ओलीको उदय, ओली लहर, ओली विरासत र अझ भन्ने हो भने ओली युगसम्मको एमालेको युगान्तकारी छलाङले इतिहासको माग पूर्ति गरेको छ । नेपालको जनमतको प्रमुख ब्रान्ड नै ओली लहर हो ।

पार्टी फुटेको वर्ष स्थानीय तहको निर्वाचनमा ६ लाख मत थप्ने राजनीतिक कीर्तिमान ओली नेतृत्वको एमालेको नाममा छ । तीनवर्षे शासनकालमा ओलीले १८ लाख मत बढाएको देखिन्छ । ओलीले जनमत बढाएको जलन र ईर्ष्याले प्रचण्ड र माधवले ओलीका विरुद्ध १९ बुँदे आरोप पत्र लेखेर नेकपा विभाजित गरेको प्रष्ट भयो ।

शान्ति प्रक्रियाले माओवादी लडाकु र हतियारको व्यवस्थापन गऱ्यो, तर प्रचण्ड र वाईसिएललाई यत्तिकै छोडिदियो । युथफोर्स परि चालनदेखि चुनावी गठबन्धनसम्म 'मिल्न खोजे नौनीको डल्लो र चिल्न खोजे बिच्छीको चल्लो' हुने पौरख र औकातको बलमा एमालेले वाईसिएल र प्रचण्डलाई नियन्त्रणमा ल्याएर व्यवस्थापन गऱ्यो । प्रचण्डको अधिनायकवादी सपनालाई तह लगाउने एमाले हो ।

जनताको सर्वोच्चता र संसद प्रचण्डका रुचि, निष्ठा र मर्यादाका विषय होइनन् । सत्तामा रहेर होस् वा विपक्षी भूमिकामा रहेर नेपालमा शासन एमालेले नै गरेकोमा मोदी र प्रचण्ड आजित छन् । शस्त्र बल र शास्त्र दुवैको संयोजन गरेर एमालेले माओवादी र भारतीय संस्थापनको षडयन्त्रलाई हात्तीले माकुरे जाल च्याते झैं विफल पारेको छ ।

नेपालमाथि हावी हुने भारतीय इच्छा शस्त्र बल र शास्त्र बलका मुहान नेपाली जनताको सराहनीय चेतना, हिम्मत, देशभक्ति र जुझारु चरित्रले गर्दा अधूरै रहेको छ । दुई वटा संविधानसभाबाट एक थान संविधान दिन नसक्ने देश भनेर नेपाललाई असफल राष्ट्र बनाउन भारत जमेरै लागेको थियो । नेपालको घरेलु द्वन्द्व, महाभूकम्प र नाकाबन्दीको त्रि-आयामिक महासंकट हिसाब-किताब सहित थोपरिएको थियो ।

शिशु अवस्थामै नेपालको संविधानको हत्या गर्ने प्रयास भयो । सिक्किम मोडेल र मिसन अस्थिरता आजको भारतको नेपाल नीतिका दुई खम्बा हुन् । नेपाल सिंगापुर बन्यो भने भार तीय शासक वर्गमाथि भारतका मेहनतकस जनताको दबाब बढ्ने छ । नेपाल समृद्ध र नेपाली सुखी बनेमा केही करोड जनसंख्याको राइदाइँमै सीमित भारतीय शासक वर्ग भारतीय जनताको वितृष्णाको शिकार बन्नेछ ।

यसैले हडप नीति, सीमा अतिक्रमण र अस्थिरता मिसनको माध्यमबाट नेपाल र नेपालीको लय र गति रोक्नु भारतको नेपालनीतिको नियमित आकस्मिकता हो । नेपालमा निरन्तरको अस्थिरता मिसनमा प्रचण्डलाई सबैभन्दा बढी उपयोग गरिएको छ । आफ्नो देशको राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र प्रधानसेनापति विरुद्ध हात धोएर लाग्नु प्रचण्डको पर्याय जस्तो छ ।

मौका आयो भने जो-कसैको पनि विरुद्धमा उत्रिहाल्नु प्रचण्डको बानी हो । युद्ध र प्रेममा जे पनि संभव हुन्छ भन्दै मर्यादाको उल्लंघनमा अभ्यस्त देखिन्छन् । निष्ठा, देशभक्ति, सिद्धान्त, जनादेश बेचबिखनका विषय होइनन् ।

देशभित्र कसैलाई मनपेट नदिनु, तर भारतमा गएर देश र पार्टीका आन्द्राभुँडी छताछुल्ल पार्नुलाई प्रचण्डले आफ्नो व्यक्तिको पहिचान र उचाइको मापन ठानेको देखिन्छ । अस्थिरता मिसनको गोटी बन्नलाई चाहिने आधारभूत गुण यही हो । नेकपाको बलियो सरकार विरुद्ध भारतमै गएर फायर खोलिएको थियो । आलोपालो सरकार प्रचण्डको महत्वाकांक्षा र भारतीय आकांक्षाको खिचडी गेमप्लान थियो । मिसन अस्थिरताले भारतीय स्वार्थलाई नगदानगदीको लाभ मिलेको छ । निरन्तरको अस्थिरताका लागि अनुकूल पात्र भेटे पनि प्रचण्डको उद्धार गर्न भारत तत्पर थिएन । प्रचण्डको यो तेस्रो पटकको प्रधानमन्त्रीको कार्यकालरूपी भात एमालेको थियो भने भारतेली शासक वर्ग र कांग्रेसले जुठोपुरो खोसेर छाक काटेका मात्र हुन् !

चरो अरूको पासोमा पर्छ, तर मान्छे आफ्नै फन्दामा फस्छ । राजनीतिमा ल्याउने जीवन गुरुमाथिको कपट, अग्रज नेतालाई धोका, प्रमुख सहायक विरुद्ध कपट, पार्टीभित्र अर्को विकल्प र उत्तराधिकारीको नसबन्दी उत्कर्षकालका प्रचण्डका चिनारी थिए । यी सबै संग्रहित कर्महरू प्रचण्डलाई जीवनको उत्तरार्धमा भारी पर्दैछन् ।

आफ्नासँगको छलकपट र एमाले जस्तो देशभक्त शक्तिसँगको दुश्मनीले प्रचण्डलाई भीरको डिलमा पुऱ्याएको छ । प्रचण्डको उद्धार गर्ने र पतनमा नुनिला आँसु चुहाइदिने कोही छैन । चौम स्कुलिङ, एमाले, कांग्रेस सबैलाई प्रचण्डले उत्कर्षकालमा चिढ्याएका र अपमान गरेका छन् ।

कान्छी श्रीमती दुर्गा पौडेललाई मन्त्री बनाउने लोभले मुखमा रामराम गरे पनि प्रचण्डका जीवनगुरु मोहनविक्रम सिंहले मौका आउँदा छुरा चलाउने नै छन् । मोहन वैद्य र डा. बाबुराम भट्टराईले दागा धरेकै छन् । ओलीको रिसले उठन-बसन गरे पनि प्रधानमन्त्री हुँदा सताएको र विषवृक्षको उपमा दिएको तुष आग्रहका प्रतिमूर्ति माधवले बिर्सिएका छैनन् । गिरिजाप्रसाद कोइरालाको गोदमा बसेर छुरी धसेको र सुशील कोइरालालाई लिएको बदला कोइराला कांग्रेसले भुलेको छैन । ऐन-मौका आफूलाई दरबारियाको बिल्ला लगाइदिएको रिस देउवामा जीवितै छ ।

पकड पौरखीको हातमा पर्न रुचाउँछ । आसेहरूको भागमा रहलपहल पर्ने गर्छ । सिंहले आफ्नो बलबुताले शिकार गर्छ । घाइते हुँडारले खुरपुच्छरमा चित्त बुझाउनुपर्ने हुन्छ । भात खानु र भाते लाग्नु एकै होइन । आशावादी हुनु र बलबुता विना लालसा पाल्नु भिन्न-भिन्न कुरा हुन् । औकात, हैसियत, जनमत र सहायक खुम्चिएको हेक्का नराखी चामल र कनिका बराबर देख्ने जिद्दीलाई ओलीले जसरी नै कांग्रेसले पनि स्वीकार गर्ने छैन । नेपालको संस्थापनको रिसले भारतको सेवा, सुशील कोइरालाप्रतिको तुष साध्न ओलीलाई प्रधानमन्त्री, ओली र ओली लहरप्रतिको जलनले देउवालाई प्रधानमन्त्री बनाउने प्रचण्डको बदलाको राजनीति सबैले थाहा पाइसकेका छन् । प्रचण्डसँग न उत्कृष्ट शक्ति छ, न दिलको उत्कृष्ट भाष्य नै । उपयोग गरे पनि बदलाको सट्टामा कांग्रेसले दिल दिने छैन ।

प्रचण्ड र माधवलाई भारतले नेपालीको देशभक्तिरूपी सूर्य छोप्ने हत्केलाका रूपमा तयार पारेको छ । माधवको त बेतियाको धमिलो मुहान नै समस्याको पोको थियो । नेपालको सत्तामा पुग्न र टिक्न भारतको आशीर्वाद भए पुग्छह नेपाली जनता केही पनि होइनन् भन्ने विनाशकाले विपरीत बुद्धिले डेरा जमाएको छ । यस गलत चिन्तनमा कांग्रेसलाई उछिन्ने गरी प्रचण्डले नोयडामा मेहमान बसेका थिए ।

नेपाली जनताप्रतिको प्रचण्डको निष्ठा डग्नु र भारतेली शासक विरुद्धको नेपाली जनताको संघर्ष भाग्ने गरी आँट गल्नुका पछाडि पाँच वटा प्रमुख कारणले काम गरेका छन् । पहिलो त प्रचण्डले आफू रुकुम, रोल्पाबाट उठेको भनेर पेडा खाएको भ्रम छरे पनि नोयडा शरणको आलु खाएको वास्तविकता घाम जस्तै छर्लङ्ग भइसकेको छ ।

दोस्रो, भारत वा चीनमध्ये एकको आश्रयमा रहेर अधिनायकवादी शासक बन्ने सपना सेनापति काण्डसँगै ध्वस्त भएपछि प्रचण्डलाई आफ्नो हैसियतमा आएको गिरावटको स्वरूप मृग मार्न सक्ने सामर्थ्य गुमाएर फट्याङ्ग्रा छोपेर गुजारा चलाइरहेको जर्जर कायाको बुढो, रोगी र घाइते बाघको जस्तो रहेको राम्रैसँग थाहा छ । तेस्रो कारण उनको पारिवारिक महत्वाकांक्षामाथि परेको बज्रपात हो ।

चौथो कारण हो, प्रचण्डको आफ्नो प्रशंसा समूहको औकात, हैसियत र सामर्थ्यमा आएको गिरावट । वा भनौं फौजी चरित्र र जनताको दिल जित्ने प्रतिस्पर्धाको राजनीति बीचको कहालीलाग्दो दरारको विद्यमानता । पाँचौं हो, माओवादी नेतृत्व र संगठनप्रति आमजनतामा बढेको कोप, वितृष्णा र घृणा ।

यी सबै पक्षको अध्ययन र विश्लेषणपछि प्रचण्ड जस्तो आत्मकेन्द्रित र चतुर नेतालाई लागेको देखिन्छ- 'बहुदलीय जनवादीहरू सामु पुस्ता-पुस्ताको र युगदेखि युगसम्मको टक्कर मा आफ्नो समूहको जोर चल्ने छाँटकाँट छैन ।'

### एमाले : हिरो पार्टी !

संसारभरका लोकतन्त्रवादी शक्ति र वामपन्थी पार्टीले दोहोरो विश्वास आर्जन गरेको राजनीतिक दल एमाले हो । संसद र मार्क्सवादप्रति निष्ठा भएको राजनीतिक दल एमाले हो । मानव जातिले विकास गरेका पूर्वीय दर्शन र पाश्चात्य दर्शन दुवैको जनताको पक्षमा पुनर्व्याख्या गर्ने हिम्मत राख्न एमालेले सक्यो ।

नेपालमा जनताको तर्फबाट पहिलो सशस्त्र संघर्ष सुरु एमाले नै गऱ्यो । यसरी एमाले नै शस्त्र बल र शास्त्र बलको जीर्णोद्धार गर्ने औकात र विरासत भएको पार्टी हो । एमालेको निष्ठा र ब्राण्ड मानिने जनताको बहुदलीय जनवाद, जसले युवाहरूको हरेक पुस्तालाई मार्क्सवादको रचनात्मक प्रयोग र विकासको सही लिकमा उभ्याउँछ नै, यस बाहेक यसले एकांगी नभई समग्रतामा ध्यान दिन सिकाउँछ ।

अफगानिस्तान र नेपाल जस्ता भूराजनीतिक दाउपेचको सघन प्रभाव रहेको क्षेत्रका नागरिकले एउटै वाद, दर्शन र आदर्शमा कैद भएर काम चल्दैन । युवाहरूको हरेक पुस्तालाई मार्क्सवादबाट निर्देशित रहेर समानता र श्रमको पक्षमा दृढतापूर्वक उभिने, महाभारतीय संस्कृतिले दर्शाएको कृष्ण जस्तै निर्लोभी र निडर भएर खलपात्रमाथि कालदण्ड बन्ने, आफ्ना लागि कुनै अतिरिक्त चाहना नराखी बुद्ध जस्तै शान्ति प्रिय हुने, चाणक्य जस्तै देश, काल, परिस्थितिप्रति सजग, चतुरह जनताको शास्त्र शक्ति र शस्त्र शक्ति संगठित गर्ने, जनताको शक्तिमा विश्वास गर्ने कलामा बहुदलीय जनवादीहरू अभ्यस्त र हनु एमालेको जीवन गुरुको जस्तो भूमिका हो । बहुदलीय जनवादीहरूसँग जनताको आशिष थाप्तै अघि बढ्दै गर्ने जीवनशैली छ ।

*(साभार: अनलाइनखबर)*

राजधानीमै बाढीको बितण्डा :

# सयौं घर डुबे, दर्जनौं गाडीमा क्षति



काठमाडौं/सोमबार रातिको भारी वर्षाले देशका कतिपय भूभागमा जस्तै काठमाडौंमा पनि बाढी र डुवानको समस्या देखिएको छ ।

काठमाडौं प्रहरी परिसर र महानगर प्रहरीले निकालेको क्षतिको प्रारम्भिक तथ्यांक अनुसार काठमाडौं जिल्लामा मात्रै सयभन्दा धेरै घर डुबानमा परेका छन् भने दुई घर भत्किएका छन् ।

काठमाडौं प्रहरी परिसरका अनुसार कागेश्वरी मनोहरा नगर पालिकाको ढुंगेधारामा घर भत्किंदा एकजना घाइते भएका थिए । यस्तै बाढीकै कारण अन्य घरहरुमा क्षति पुग्दा सोही स्थानमा अन्य २ जना पनि सामान्य घाइते भएका थिए ।

त्रिपुरेश्वरको सुकुम्बासी बस्तीमा बाढी पस्दा ५१ वर्षीया कौशिला थापा घाइते भएकी छिन् । सुन्दरीघाटको सुकुम्बासी बस्तीमा बागमती नदी छिर्दा एक जना घाइते भएको प्रहरी परिसरले जनाएको छ ।

काठमाडौं महाजगर पालिका-२६ मा सामाखुसी खोलाको सतह बढ्दा थुप्रै घर डुबानमा परेको काठमाडौंका नगर प्रहरी उपरीक्षक विष्णु जोशीले बताए । 'रेडन कलेज र लोटस मन्टेश्वरी वरिपरिका १५-२० घर डुबानमा परेका थिए । त्यहाँ भुइँतला पूरै पानीले भरिएको थियो', उनले भने ।

**स-साना क्षतिको विवरण आउँदै**

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता कुमोद ढुंगेलका अनुसार स-साना क्षतिको विवरण आउने क्रम जारी रहेको छ । मंगलबार साँझसम्म काठमाडौं महानगरपालिका- १ खहरे खोल्सामा पानीको बहाव बढ्दा २ वटा कार र एउटा टाटासुमो खोल्सामा फसेका थिए । तीमध्ये दुईवटा कार प्रहरीले निकालिसकेको जानकारी उनले दिए ।

मंगलबार विहान विष्णुमती करिडोर खोलामा पानीको बहाव बढेको कारणले गर्दा डल्लुको पुलमुनि दुईवटा ट्याक्सी डुबेका थिए । तर, त्यहाँ मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ ।

कागेश्वरी मनोहरा-५ का केही घरभित्र पानी पसेर डुबान भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दक्षिणढोका-सुन्दरीजल नयाँघाटी तथा माकलबारीमा डुबान पर्दा स्थानीय बासिन्दा प्रभावित भएका थिए । गोकर्णेश्वर नगरपालिका-३ सुन्ताखानमा बाढीका कारण दुई वटा घर जोखिममा रहेको छ ।

मंगलबार बिहान धोबीखोलाको बाढीका कारण काठमाडौं- १० स्थित मदन भण्डारी कलेज नजिक दुईवटा डुबेका थिए । २० नम्बर वडाको परोपकार पुल मुनि एउटा भ्यान डुबेको थियो । प्रहरीका अनुसार मोटरसाइकल र अन्य साना सवारी साधन डुबानको अवस्था एकिन तथ्यांक भने आइसकेको छैन ।

**सुन्दरीघाटबाट ११ जनाको उद्धार**

कीर्तिपुर नगरपालिका-१० को सुन्दरीघाटस्थित सुकुम्बासी बस्तीमा बागमती नदी छिर्दा जोखिममा परेका ११ जना बासिन्दालाई प्रहरीले उद्धार गरेको छ । सर्लाहीको बागमती नगरपालिका घर भएका चारजना र मकवानपुर घर भएका सात जनालाई उद्धार गरेको प्रहरीले जनाएको छ ।

महानगर प्रहरीका अनुसार मंगलबार दिउँसोसम्म नारायणहिटी दरबारभित्र सैनिक क्याम्पसमेत डुबानमा परेको थियो । नगर प्रहरी उपरीक्षक विष्णु जोशीका अनुसार दुईवटा पानी तान्ने मोटर लगाएर चार घण्टा पानी तानेपछि मात्रै क्याम्पभित्रको पानी कम भएको थियो । 'जय नेपाल हल अगाडि टुकुचा जाम हुँदा दरबारभित्र पानी जमेको र महानगर प्रहरीले पानी फालेको हो,' जोशीले भने ।

नगर प्रहरीले एयर पोर्टबाट पेप्सीकोलातर्फ खहरे खोलाले फुटसल र अन्य वरिपरिका घरहरु डुबानमा परेको जानकारी दिएको छ ।

**तरकारी बजारमा बाढी**

वर्षाले काठमाडौंको बल्खु तरकारी बजार डुबानमा पारेको थियो । मंगलबार बिहान साढे ६ बजेदेखि तरकारी बजारमा बाढी पसेको बजार सञ्चालन समितिका अध्यक्ष मोहन बस्नेतले जानकारी दिए ।

तरकारी बजारका ४०० मध्ये ३७० वटा पसलमा बाढी पस्दा ठूलो क्षति भएको उनले बताए । एक्कासी बाढी आउँदा पसलको सामाग्री उठाउन नपाएको बस्नेतले बताए । यस्तै, कालीमाटीको तरकारी बजार र धुम्बाराहीको तरकारी बजारमा पनि डुबानले पसलहरु प्रभावित भएको प्रहरीले जनाएको छ ।

काठमाडौंको नयाँ बसपार्क क्षेत्रमा पनि डुबान भएको छ । सोमबारदेखि भइरहेको भारी वर्षाका कारण बसपार्क नजिकको विष्णुमती क्षेत्र डुबानमा परेको हो । विष्णुमतीमा पानीको बहाव बढेर सडकमाथि बग्न थालेको छ । सडकबाट पानी घर र पसलहरूमा पसेको थियो । दीपज्योति आवासीय विद्यालय सहित वरिपरिका बस्ती डुबानमा परेका थिए ।

महानगरभित्र ठूलो मानवीय क्षति नभए पनि सवारी साधन, घर तथा अन्य पसलका सामग्रीहरुको क्षतिको विवरण अझै थपिन सक्ने काठमाडौं महानगरका नगर प्रहरी प्रमुख राजु पाण्डेले बताए ।

# के हो 'उपहार' विवाद ?




काठमाडौं/अभिनेत्री रेखा थापाले करिब ५ वर्षपछि अभिनय र निर्माणमा कमब्याक गर्न लागेको फिल्म 'उपहार' आगामी भदौबाट छायांकनमा जाँदैछ । ज्ञानेन्द्र देउजाले निर्देशन गर्ने फिल्ममा रेखासँगै पूजा शर्मा, बेनिशा हमाल, मुकुन भुषाल, समर्पणजंग कार्कीको अभिनय रहनेछ । तर, फिल्म छायांकनमा नजाँदै विवादमा तानिएको छ । फिल्मको टिमलाई सृजनात्मक दुरुपयोगको आरोप लागेको छ ।

सबैभन्दा पहिला 'उपहार' लेखनको जिम्मा सुरक्षण भारतीलाई दिइएको थियो । पछि अभिमन्यू निरवीले फिल्मको स्क्रिप्ट तयार पारे । विवादको मूल कारण यही नै हो । सुलक्षणले आफूले लेखेको कथामा अर्को लेखकले कसरी पटकथा लेख्न मिल्छ भनेर आपत्ति जनाएका छन् । अनुमति र पारिश्रमिकबिना आफ्नो कथामाथि काम भएको भन्दै उनले सामाजिक सञ्जालमा गुनासो पोखेका छन् ।

उनले फेसबुकमा लेखेका छन्, 'रेखाजी र देउजाजी दुवैप्रति गम्भीर आपत्ति प्रकट गर्न चाहन्छु । मेरो वान लाइन वा कथामाथि मेरो अनुमति र पारिश्रमिक बिना नै काम गर्न खोज्नु कतिसम्म न्यायोचित होला ? मेरो प्रश्न ?' उनको स्टाटसमा निर्देशक देउजाले लाइक गरेपछि भारतीले आफूले लाइक नभइ जवाफ मागेको लेखेका छन् । यसपछि ज्ञानेन्द्र र सुलक्षणबीच आरोप-प्रत्यारोप चलेको छ ।


निर्देशक देउजाले कमेन्ट बक्समा जवाफ दिँदै पैसा लिएर कन्सेप्ट डेभलप नगरी हिँडेको आरोप सुलक्षणलाई लगाएका छन् । उनले सुलक्षणलाई प्रश्न गर्दै लेखेका छन्, 'तिम्रो कारणले बैशाखमा बन्ने फिल्म आजसम्म बन्न नसकेको हैन र ? आजसम्म प्रोड्युसरसँग सम्पर्कमा नआउने पनि तिमी हैन र ? तिमीले पैसो लगेर चैत्रमा स्क्रिप्ट बुझाउँछु भनेर आजसम्म किन प्रोड्युसरसँग सम्पर्क गरेनौ ?'

निर्देशक देउजालाई जवाफ दिँदै सुलक्षणले आफू सम्पर्क बाहिर नरहेको दाबी गरेका छन् । उनी लेख्छन्, 'मैले पूरै कथा लेखेर र त्यसमाथि पुन: गरेको काम र लेखेको पूर्ण कथा तपाईंहरुलाई पठाएको इमेल मसँग पनि छ र तपाईंसँग पनि छ । अब सम्पर्कमा को र किन आएन त्यो बहसको विषय हैन ।' उनले अग्रिम भुक्तानीको रुपमा ७५ हजार भने आफूले लिएको स्वीकार गरेका छन् ।

लेखक भारती कमेन्ट बक्समा अगाडि लेख्छन्, 'यहाँ कुरा पैसाको होइन, मेरो कन्सेप्टको हो । यदि पैसा फिर्ता चाहनु हुन्छ भने म फिर्ता गर्न तयार छु तर मेरो कथा र कन्सेप्टमाथि म खेलबाड गरेको कसरी सहन सक्छु होला ! कि त मेरो कथा र कन्सेप्टमा काम नगर्नुस् । गर्नुहुन्छ भने मेरो अधिकार मलाई दिएर मात्र गर्नुस् ।' सुलक्षणले आफूलाई तर्क नभइ न्याय चाहिएको बताएका छन् ।

उनले निर्देशक देउजालाई बौद्धिक सम्पत्तिको संरक्षणको बारेमा बहस गर्न चुनौती समेत दिएका छन् । यसको जवाफमा देउजाले सम्बन्धित ठाउँमा सम्पर्क गर्न भनेका छन् । सुलक्षणले सोमबार थप दुईवटा स्टाटस लेख्दै सृजनात्मक दुरुपयोग भएको उल्लेख गरेका छन् । उनलाई अभिनेता दिव्य देवले समेत समर्थन गरेका छन् । फिल्मकी निर्मात्री रेखा थापा भने यो विषयमा मौन छिन् ।

# १२२ स्थानीय तह अझै प्रमुख प्रशासकीय अधिकृतविहीन




काठमाडौं/देशभरका ७ सय ५३ स्थानीय तहमध्ये अझै पनि १ सय २२ मा प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्व अमनलाल मोदीले सम्हालेपछि रिक्त स्थानीय तहमा आक्रामक रुपमा प्रमुख प्रशासकीय अधिकृत पठाइरहेका छन् । तर, अझै पनि धेरै स्थानीय तह निमित्तको भरमा चलिरहेका छन् ।

मन्त्रालयका प्रवक्ता कमल भट्टराई अनुसार मोदी हुनुअघि २ सय ५० स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत रिक्त थिए । 'तर, १ सय २८ स्थानीय तहमा प्रशासकीय प्रमुखहरु पठाइसकिएको छ, बाँकीमा पनि साउनको अन्तिमसम्म पठाउने तयारी गरेका छौं,' भट्टराईले भने ।

लामो समय संघीय कार्यालय वा र सुगम ठाउँमा बसेका अधिकृत र उपसचिवलाई प्रमुख प्रशासकीय अधिकृतका रुपमा पठाएको उनले बताए । 'पाँच वर्षदेखि काठमाडौं उपत्यकाका कार्यालयहरु खासगरी सिंहदरबारमा नै बसेका कर्मचारीलाई स्थानीय तहमा पठाइएको छ,' उनले भने, 'दर बन्दीअनुसार कर्मचारी अभाव भएकाले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउन सकिएको थिएन, तर अहिले संघका कार्यालयहरुमा कर्मचारीको संख्या कटौती गरेर स्थानीय तहमा पठाइएको हो ।'

**दुई तिहाइ उपमहानगरपालिका प्रशासकीय अधिकृतविहीन**

मन्त्रालयको स्थानीय तह कर्मचारी प्रशासन शाखाका अनुसार सोमबार साँझसम्म देशभरकमा सात वटा उपमहानगरपालिमा प्रमुख प्रशासकीय अधिकृत छैनन् । महानगरपालिका र उपमहानगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रशासन सेवाको सह-सचिव हुनुपर्ने कानुनी व्यवस्था छ । मुलुकका ६ वटै महानगरपालिकामा प्रशासन प्रमुख रहे पनि ११ उपमहानगर पालिकामध्ये धरान, हेटौंडा, तुलसीपुर र धनगढीमा मात्रै प्रमुख प्रशासकीय अधिकृतले काम गरिरहेका छन् । बाँकी दुई तिहाइ उपमहानगर पालिकाहरु प्रमुख प्रशासकीय अधिकृतविहीन छन् ।

जीतपुर सिमरा, जनकपुरधाम, कलैया, बुटवल, नेपालगञ्ज, घोराही र इटहरी उपमहानगरपालिकामा निमित्तले काम चलाइरहेका छन् । तीमध्ये ६ वटामा उपसचिवले निमित्तको जिम्मेवारी पाएका छन् भने इटहरीमा शिक्षा क्षेत्रका सहसचिव निमित्त छन् ।

संघीय सेवामा प्रशासनका सहसचिवहरुको संख्या नै कम भएकाले उपमहानगरपालिकाहरुमा प्रमुख प्रशासकीय अधिकृत खटाउन नपाएको प्रवक्त भट्टराईले बताए ।

**दुर्गम जान मान्दैनन् कर्मचारी, कर्णाली र सुदूरपश्चिममा धेरै खाली**

प्रशासन क्षेत्रका उपसचिवले नेतृत्व लिनुपर्ने २७६ नगरपालिकामध्ये ३१ नगरपालिकामा अझै पनि निमित्तको भरमा नै रहेको मन्त्रालयलको तथयंक रहेको छ । प्रशासन क्षेत्रका शाखा अधिकृतको दरबन्दी रहने ४ सय ६० गाउँपालका मध्ये ८४ गाउँपालिका निमित्तको भरमा चलेका छन् ।

विगतमा मधेश प्रदेशका धेरै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरु खालि रहेकोमा अहिले त्यहाँका उपमहानगरबाहेक नगर पालिका र गाउँपालिकाको प्रशासनिक नेतृत्वले पूर्णता पाएको छ ।

सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेश ३४ स्थानीय तह निमित्तको भरमा चलिरहेका छन् । सुदूर पश्चिम रहेको ३३ नगरपालिकामध्ये १० नगरपालिकामा निमित्त छन् भने ५४ गाउँपालिकामध्ये २४ गाउँपालिका निमित्तको भरमा रहेका छन् ।

यस्तै कर्णाली प्रदेशका ३५ नगरपालिकामध्ये ९ र ५४ गाउँपालिकामध्ये २४ मा प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेको मन्त्रालयले जनाएको छ । कोशी प्रदेशमा ६ नगरपालिका र १३ गाउँपालिका निमित्तको भरमा चलिरहेका छन् । कोशीमा ४६ नगर पालिका, ८८ गाउँपालिका रहेका छन् । यस्तै, बागमतीमा ४१ नगर पालिका, ७४ गाउँपालिकामध्ये दुई नगरपालिका र ११ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत छैनन् ।

मन्त्रालयका अनुसार गण्डकी प्रदेशमा एउटा नगरपालिका र ५ गाउँपालिका निमित्तको भरमा छन् । गण्डकीमा ५८ गाउँपालिका र २६ नगरपालिका रहेका छन् । ७३ गाउँपालिका र ३२ नगरपालिका रहेको लुम्बिनी प्रदेशमा तीन नगरपालिका र सात गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत पुग्न सकेका छैनन् ।

**भुक्तानीमा समस्या**

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले नै प्रशासनिक नेतृत्व गर्ने हुँदा बजेट परिचालन र भुक्तानी सम्बन्धीमा काममा स्थानीय सरकारले समस्या भोग्दै आएका छन् । चालु आर्थिक वर्ष २०८०/०८१ को बजेटको समयमा नै १ सय ४१ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत थिएनन् ।

'जनताको दैनिक समस्यामा प्रत्यक्ष सरोकार राख्ने सरकारलाई संघीय सरकारले विशेष चासोका साथ कर्मचारी पठाउनुपर्ने हुन्छ,' गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

*(स्रोत: अनलाइनखबर)*

# नयाँ डिजाइनमा ५ रुपैयाँको सिक्का प्रचलनमा ल्याइने

काठमाडौं/सरकारले ५ रुपैयाँ दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैंठकले उक्त परिमाणमा सिक्का टकमरी गर्न स्वीकृति दिने निर्णय गरेको हो ।

हाल नेपाल राष्ट्र बैंकको टक्सार विभागले १ रुपैयाँ र २ रुपैयाँ दरको सिक्का मात्रै टकमरी गर्दै आएकोमा अब राष्ट्र बैंकले ५ रुपैयाँ दरको सिक्का बजारमा ल्याउन लागेको राष्ट्र बैंकका सहायक प्रवक्ता डा. डिल्लीराम पोखेलले बताए ।

नेपाल राष्ट्र बैंक 'नोट छपाइ तथा सिक्का टकमरी सम्बन्धी निर्देशिका, २०६५-पहिलो संशोधन, २०७५'मा नयाँ डिजाइन हुने सिक्काको टकमरी नेपाल सरकार बाट स्वीकृति प्राप्त भएपछि मात्रै गर्न सक्ने व्यवस्था छ ।

पुरानै डिजाइनको सिक्का पुन: टकमरी भने राष्ट्र बैंकको सञ्चालक समितिबाट स्वीकृतिबाटै गर्न पाइने व्यवस्था छ ।

५ रुपैयाँ दरको नयाँ सिक्का नयाँ डिजाइनमा आउने राष्ट्र बैंक टक्सार विभाग प्रमुख थानेश्वर आचार्य बताउँछन् । सिक्काको नयाँ डिजाइनमा नेपालको संस्कृति झल्कने र राष्ट्रिय जनावर पनि अंकित हुने उनले बताए । नेपालमा यसअघि पनि ५ रुपैयाँको सिक्का प्रचलनमा रहेको थियो ।

**किन प्रचलनमा ल्याउन लागियो ५ रुपैयाँको सिक्का ?**

राष्ट्र बैंकले हाल ५ रुपैयाँ दरको नोट छपाइ गर्दै आएको भए पनि सिक्का टकमरी भने गर्ने गरेको थिएन । ५ रुपैयाँ दरको नोटको आयु कम हुने र छपाइ लागत बढी पर्ने भएकोले सिक्का टकमरी गर्न लागेको राष्ट्र बैंकका सहायक प्रवक्ता डा. पोखेलले बताए ।

सिक्का मात्रै बोकेर बजारमा जाँदा पनि केही सामान खरिद गर्न सक्नेगरी सिक्का निष्कासन गर्नुपर्छ भन्ने राष्ट्र बैंकको योजना रहेको उनले बताए । ५ रुपैयाँ मात्रै नभई त्यसभन्दा बढी दरका सिक्का पनि टकमरी गर्ने योजना रहेको उनले बताए ।

नोटको आयु १ देखि ३ वर्ष हुन्छ । सिक्काको आयु २० वर्ष भनिए पनि ४० वर्षसम्म पनि यसलाई प्रचलन गर्न सकिने देखिएकाले लागत पनि कम हुने राष्ट्र बैंक टक्सार विभाग प्रमुख आचार्य बताउँछन् ।

'१ रुपैयाँ र २ रुपैयाँ दरको सिक्काको खरिद क्षमता कमजोर भयो । त्यसैले ५ रुपैयाँको सिक्का प्रचलनमा ल्याउन लागिएको हो,' उनले भने, '५ रुपैयाँको सिक्का पनि सानो हुन्छ । ५० रुपैयाँसम्मको सिक्का निष्कासन गर्नुपर्छ ।'

अहिले नोट पनि छपाइ हुने र सिक्का पनि टकमरी हुने तर विस्तारै सानो दरको नोट भन्दा सिक्का टकमरी गर्नुपर्ने भन्ने योजना रहेको टक्सार विभाग प्रमुख आचार्य बताउँछन् ।

# ५ महिना पर धकेलियो 'नम्बरी सुन'

काठमाडौं/आगामी भदौ १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको राजु गिरीद्वारा निर्देशित फिल्म 'नम्बरी सुन' ५ महिना पछाडि धकेलिएको छ । मंगलबार एक पोस्टर सार्वजनिक गर्दै आगामी माघ १९ गतेलाई फिल्मको नयाँ प्रदर्शन मिति 'लक' गरिएको छ । फिल्मको टिजर र एक गीत सार्वजनिक भैसकेको छ । भदौ १ मा अरु दुईवटा फिल्म रिलिज हुने भएपछि 'नम्बरी सुन' पोस्टपोन्ड भएको चर्चा छ ।

नारायण खातीको शब्द रचना, कथा तथा प्रस्तुति रहेको यो फिल्ममा गौरव पहारी, नम्रता सापकोटा, सरोज खनाल, किरण नेपाली, बुद्धि तामाङ, राजाराम पौडेल, राजेन्द्र खड्गी, विनोद न्यौपाने, सविन बास्तोला, गीता अधिकारीलगायतको अभिनय छ । फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद छ । हलमा रि लिजअघि देशका विभिन्न ठाउँमा फिल्मको विशेष शो आयोजना गरिँदैछ ।

रामजी लामीछानेको नृत्य निर्देशन, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, राजेशपायल राई, शान्तिश्री परियार, प्रताप दास र अनु चौधरीको स्वर, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, गौतमराज खड्काको सम्पादन, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन तथा विनोद भुजेलको ब्याकग्राउन्ड स्कोर रहेको 'नम्बरी सुन'को निर्माता सरोज खाती, सविन खाती र मनोज रिजाल हुन् ।

# अफ्रिकाको सबैभन्दा अग्लो हिमाल किलिमन्जारो चढ्दै दीया



काठमाडौं/हिमाल आरोहणमा रुचि भएकी अभिनेत्री दीया पुनले अफ्रिका महादेशकै सबैभन्दा अग्लो हिमाल किलिमन्जारो चढ्ने भएकी छन् । त्यसका लागि उनी अफ्रिका पुगेर किलिमन्जारोको आधार शिविरतर्फ लागेकी छन् । उनी यही साउन २७ गते उक्त हिमाल चढ्ने योजनामा छिन् । तान्जानियामा अवस्थित हिमाल समुन्द्री सतहबाट ५ हजार ८९५ मिटर अर्थात् १९ हजार ३४१ फिटमा रहेको छ ।

दीयाले अघिल्लो वर्षको जेठमा विश्वकै सबैभन्दा अग्लो हिमाल सगरमाथाको सफलतापूर्वक आरोहण गरेकी थिइन् । यसअघि उनले ८ हजार १६३ मिटरको संसारको आठौं अग्लो मनास्लु हिमाल चढेकी थिइन् । त्यस्तै, उनले सन् २०१८ मा अर्जेन्टिनास्थित ६ हजार ९६१ मिटर अग्लो माउन्ट अकोनकागुवाको पनि आरोहण गरिसकेकी छन् । दीयाको लक्ष्य सातै महादेशका अग्ला हिमाल पुग्ने छ ।

यूकेमा नर्सिङ पेशामा आबद्ध उनले अभिनयलाई निरन्तरता दिँदै आएकी छन् । फिल्म 'वीर विक्रम'बाट सुखद डेब्यू गरेकी उनको यस वर्षको असार ८ गते फिल्म 'अन्तिम संस्कार' प्रदर्शनमा आएको थियो । तर, यो फिल्म व्यावसायिक रुपमा सफल हुन सकेन । अब उनको पाइपलाइनमा नयाँ फिल्म छैन । उनले कोभिडभन्दा अघि काम गरेको फिल्म 'दयारानी' भने प्रदर्शनको पखाईमा छ ।

बालेनप्रति यशको टिप्पणी-

# 'शहर सुन्दर बनाउँदा जनताको अनुहार अँध्यारो हुनु हुँदैन'

काठमाडौं/अभिनेता तथा गायक यश कुमारले मंगलबार आफ्नो आवाज, शब्द रचना तथा अभिनयमा 'सुस्तरी-सुस्तरी' बोलको रोमान्टिक गीत सार्वजनिक गरेका छन् । गीतमा नगर प्रहरी र सडकमा मकैं बेच्ने युवतीबीचको प्रेमलाई देखाउन खोजिएको छ । भिडियोमा नगर प्रहरीहरुले सडकपेटीमा व्यापार गर्नेहरुलाई बल प्रयोग गरेर हटाएको दृश्यहरु पनि छन्, जसले काठमाडौंको यथार्थ कथा बोल्छ ।

प्राय: दिनहुँजसो काठमाडौं महानगरका प्रहरीहरुले फुटपाथ, सडकपेटीमा व्यापार गर्नेहरुलाई बल प्रयोग हटाएको पीडादायी दृश्य बाहिर आउने गरेको छ । तर, महानगरले त्यसलाई व्यवस्थित गर्न सकेको छैन । 'सुस्तरी-सुस्तरी' गीतमार्फत् यशले सडकपेटीमा व्यापार गर्नु हुँदैन भनेर सन्देश दिएका छन् । उनी यो गीत नगरपालिकाको निर्णयको विरुद्धमा नभइ पक्षमा नै रहेको दाबी गर्छन् ।

'हामीले नगरपालिकाको निर्णयलाई नै सघाएका छौं । एउटा जिम्मेवार र अर्को बाध्यतामा रहेको व्यक्ति नियममा बाँधिएर जानुपर्छ भन्ने सन्देश गीतले दिन्छ । हामीले गीतमा नगर प्रहरीलाई हिरो बनाएका छौं,' उनी भन्छन् । शहर सुन्दर बनाउने क्रममा जनताको अनुहार अँध्यारो हुन नहुने उनको तर्क छ । सडकमा गरिने व्यापारले शहर कुरुप देखिए त्यसको विकल्प खोज्न उनको सुझाव छ ।

'दिनभर कमाएर बेलुका खानुपर्ने परिवारलाई अलग्गै व्यवस्था गरिदिनुपर्छ । बाँच्ने अधिकार खोस्नु हुँदैन । बाटोमा व्यापार गर्नेहरु त संसारमै छन् । त्यहाँको सरकारले नियममा बाँधेर सहजीकरण गरि दिएको छ । दिनहुँ आमालाई धक्का मारेको, पानीपुरी बेच्नेहरु रोएको देख्दा मन घोच्ने रैछ । उनीहरुलाई व्यवस्थित गर्नुपर्छ,' काठमाडौंका मेयर बालेन शाहलाई सुझाव दिँदै गायक यशले भने ।

उनले गीतको कन्सेप्ट दुई वर्षअघि नै तयार पारेका थिए । तर, उनको विदेश यात्राले गर्दा भिडियो निर्माण हुन सकेको थिएन । उनी काल्पनिक कुरा भन्दा पनि भैरहेकै कुरा आउनुपर्छ भनेर 'सुस्तरी' गीत तयार गरेको बताउँछन् । उनी भन्छन्, 'चलचित्र र म्यूजिक भिडियो भनेको ऐना हो, जसबाट हर कोहीलाई सम्झाउन र बुझाउन सकिन्छ ।' गीतमा उनको जोडी अनु थापासँग बाँधिएको छ । अनु थिएटर आर्टिस्टसँगै फिल्मकी अभिनेत्री समेत हुन् । 'चिनी कम रंड कडा' फिल्ममा मुख्य भूमिका निभाएकी उनले 'खुवालुङ', 'कुभिन्डोको कथा' जस्ता केही नाटकमा पनि अभिनय गरेकी छन् ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# यातायात व्यवस्था कार्यालय हेटौंडामा डेढ करोड राजश्व घट्यो




सांकेतिक तस्वीर

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको यातायात व्यवस्था कार्यालयबाट गत आव २०७९/८० मा सवारी साधन करबाट ३४ करोड ८९ लाख रुपैयाँ राजस्व संकलन भएको छ । यो रकम आव २०७८/७९ भन्दा करीब एक करोडले कम रहेको देखिन्छ । प्रदेश सरकारको श्रम रोजगार तथा यातायात मन्त्रालय अन्तरगत पर्ने कार्यालयमा गतवर्ष राजश्व रकम घटेको तथ्याङ्कले देखाएको छ ।

आव ०७८/७९ मा सवारीसाधन करबाट पैंतीस करोड ५२ लाख १८ हजार २ सय २८ रुपैयाँ संकलन भएको थियो भने गतवर्ष चौंतीस करोड ८९ लाख ३३ हजार ९४५ कर राजश्व संकलन भएको कार्यालयका सूचना अधिकारी एंव अधिकृत राजु अर्यालले बताए । सवारी साधन नवीकरण र जरिवानामा आव २०७८/७९ मा बाह्र करोड १३ लाख ८८ हजार ४०६ रुपैयाँ संकलन गरिएकोमा गत वर्ष ११ करोड ३५ लाख ३१ हजार ५२१ रुपैयाँ संकलन गरिएको अर्यालले बताए ।

उनका अनुसार यातायात क्षेत्रको आम्दानी आव २०७८/७९ मा नौ करोड ३ लाख १६ हजार २९० भएकोमा आव २०७९/८० मा भने ८ करोड ७४ लाख ५६ हजार ६६० भएको अर्यालले बताए । यातायात कार्यालय विस्तार भएकोले पनि हेटौंडामा गतवर्ष आव २०७९/८० मा करिब डेढ करोड भन्दा बढी रकम राजश्व कम संकलन भएको उनले बताए । उनले चालु आवमा पनि अझै राजश्व संकलनमा कमी आउने बताए ।

ट्रायल सहित चितवनमा कार्यालय सञ्चालनमा आएपछि हेटौंडामा राजश्व संकलन कम हुदैं गएको कार्यालयका निमित्त प्रमुख तीर्थराज उपाध्यायले बताए । सेवाग्राहीहरु बाँढिएपछि नयाँ सवारी दर्तामा कमी, अन्य प्रदेश भन्दा करदर हाम्रो प्रदेशमा बढी भएकाले पनि होला राजश्वमा कमी आएको हो उपाध्यायले भने । विगतमा दैनिक दुई हजार भन्दा बढी दर्ता नवीकरणको काम गरिन्थ्यो भने अहिले त्यो संख्या वार्षिकमा पुगेको समेत उपाध्यायले बताए ।

हेटौंडामा आव २०७९/८० मा ठुला र मझौला सवारीसाधन १० वटा सरकारी र निजी क्षेत्रका ४५६ वटा सवारीसाधन दर्ता भएको छ । त्यस्तै, साना सवारीसाधनमा सरकारी २१ वटा र निजी तथा सार्वजनिक ४७८ वटा दर्ता भएको सूचना अधिकारी अर्यालले बताए । टेम्पो/ईरिक्सामा २ वटा सरकारी र निजी क्षेत्रका २३९ वटा दर्ता भएका छन् । मोटरसाइकल/स्कुटर भने १२२ वटा सरकारी सहित २ हजार ४२३ वटा दर्ता भएको तथ्याङ्कमा देखिन्छ । नयाँ ट्याक्टर भने हेटौंडामा २ सरकारी सहित ५० वटा दर्ता भएको अर्यालले बताए ।

संघीयता आउनुभन्दा अघि नयाँ लाइसेन्स लिन वीरगन्ज जानुपर्ने बाध्यतालाई हटाई प्रदेश सरकारले हेटौंडाबाटै दिने व्यवस्था गरेको थियो । सोही अनुरुप हेटौंडाबाट आव २०७९/८० मा मोटरसाइकल लाईसेन्सका लागि २५ हजार माथीले निवेदन दर्ता गराएपनि ९ हजार ९१८ जनालाई लाईसेन्स प्रदान गरिएको छ । स्कुटरका भने तीन हजार १०२ जनालाई प्रदान गरिएको छ । त्यस्तै, साना गाडीको ८४० जनालाई, टेम्पोको १५० जनालाई, ईरिक्साको १८ जनालाई, ट्याक्टरको ११९ जनालाई, जेसिबीको १३४ जनालाई, एक्साभेक्टर (हेभी मेशिन)को २४२ जनालाई नयाँ लाईसेन्स प्रदान गरिएको अर्यालले बताए ।

कार्यालयबाट हामीले लाईसेन्स थप गर्न आउने सेवाग्राहीमा मोटरसाइकलको एक हजार १७४ जना, स्कुटरको ५२ जना, साना गाडीको एक हजार ६१५ जना, टेम्पोको १९५ जना, ईरिक्साको १४ जना, ट्याक्टरको ३० जना, मिनीबसको ४६ जना, ट्रक, बस, लहरीको ५०२ जना, एक्साभेक्टर (हेभी मेशिन) को ३९ जना र जेसिबीको ३८ जनालाई लाईसेन्स थप प्रदान गरेका छौं:अर्यालले भने । नयाँ होस् या पुरानोमा थप गर्ने सेवाग्राही हुन निवेदनको आधार मा ट्रायल पास गर्नेहरुको संख्या पनि कमी रहेको अर्याल बताउँछन् ।

हेटौंडा कार्यालयबाट सवारीसाधनको सबै वर्गमा सवारी साधन अनुमतिपत्र नवीकरण सात हजार ६२९ जनाले गरेका छन् भने प्रतिलिपि बनाउनेको संख्या १८८ जना रहनुका साथै नवीकरण पनि प्रतिलिपि लिनेको संख्या १४७ जना रहेको अर्यालले बताए । चितवनमा कार्यालय विस्तारले गर्दा राजश्व संकलनमा कमी आएको हो । मकवानपुरमा भन्दा करको दर कम रहेकाले पनि वीरगञ्ज जाने, ठुलो संख्यामा चितवनमा सवारीसाधन विक्री भई नयाँ दर्ता हुने र करको दर बढी रहेकोले पनि राजश्वमा कमी आएको अर्यालले बताए । उनले चालु आवमा पनि अझै राजश्व कमी संकलन हुने अनुमान रहेको बताए ।



**मारबाडी महिला मञ्चको पुण्य काम** : हेटौंडाको मुख्यचोक भुटनदेबी माविको चोकमा मारवाडी महिला मञ्च मकवानपुरले बटुवालाई खानेपानीको व्यवस्था गरेको छ । नगरप्रमुख मीनाकुमारी लामाले मंगलबार शुद्ध खानेपानी प्याउ (धारा) को उद्घाटन गरेकी हुन् । तस्बिर: *साझाकुरा*

# हेटौंडा सामुदायिक आँखा अस्पतालमा आँखा पाक्ने बिरामीको भिड

साझाकुरा संवाददाता



हेटौंडा, २३ साउन/ सातायता प्रकोपका रूपमा फैलिंदै गएको आँखा पाक्ने रोगले महामारीको रूप लिन सक्ने जोखिम बढेको छरु। यसबाट सबै उमेर समूहका संक्रमित भइरहेका छन् ।

आँखाको सेतो भाग सुन्निने र रातो हुने यो रोगलाई 'एडिनो भाइरल कन्जंग्टिवाइटिस' भनिन्छ । यसको संक्रमणले आँखा रातो हुने, चिलाउने, पोल्ने, पानी बग्ने, चिप्रा लाग्ने हुन्छ । कतिपय संक्रमितमा परेला सुन्निने, आँखा बिझाउने, उज्यालो हेर्न गाह्रो हुने, दृष्टि धमिलो हुनेलगायतका समस्या पनि देखिएको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडामा पनि यो संक्रमण अत्यधिक वृद्धि भइरहेको हेटौंडा स्थित सामुदायिक आँखा अस्पतालका नेत्र रोग विशेषज्ञ डा.सुनिल थकालीले जानकारी दिए । डा. थकालीले हाल आँखा अस्पालतमा दिनहुँ ३/४ सय संख्यामा आँखा रोग संक्रमित आउने गरेको बताए ।

गत आइतवार एकै दिनमा मात्रै ४ सय ४५ जना आँखा पाकेको विरामी र अन्य आँखाको समस्या भएका विरामी गरी ७ सय जना आएको भन्दै यो रोग प्रकोपका रूपमा फैलिरहेको र महामारीकै रूप लिन सक्ने जोखिम रहेको बताए । 'जुन गतिमा आई फ्लुको संक्रमण बढिरहेको छ, यो खतराको संकेत हो,' डा. थकालीले भने , 'एक व्यक्तिबाट अर्कोमा फैलिने यो संक्रमणले महामारीको रूप लिन सक्ने जोखिम देखिएको छ ।'

सामान्यतया मनसुनको समयमा बढी फैलने यो संक्रमण यस पटक भने विगतको दाँजोमा तीव्र रूपमा देशभर फैलिरहेको उनले बताए । उनले यस्तो अवस्थामा सावधान नअपनाएर सार्वजनिक स्थलमा घुलमिल गर्‍यो भने अझै ठूलो महामारीको रुप सक्ने बताए ।

**बालबालिकामा धेरै जोखिम**

हेटौंडा स्थित सामुदायिक आँखा अस्पतालका नेत्र रोग विशेषज्ञ डा.सुनिल थकालीका अनुसार यो रोग बालबालिकाबाट शुरु हुने बताउँछन् । बालबालिकामा भाईरस संक्रमित बढि हुने र 'ईम्युनिटी पावर' विकास नहुँदा उनीहरुमा संक्रमण धेरै देखा पर्ने डा.थकालीले बताए । डा. थकालीले यस्तो अवस्थामा विद्यालयहरु बन्द गर्न सुझाव दिएका छन् । सबै भन्दा जोखिम विद्यालयमै हुने र बालबालिका संक्रमित बढि हुने कारणले गर्दा विद्यालय बन्द गर्न आग्रह गरे ।

हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले विद्यालय बन्द गर्ने विषयमा कुनै छलफल नभएको बताएका छन् । 'हाल सामुदायिक विद्यालयहरु परीक्षा सकिएर बन्द नै छन् । त्यसैले पनि हामिले बन्द गर्ने विषयमा छलफल गरेका छैनौं,' उनले भने , 'विद्यालय सञ्चालन आउँदासम्म यो प्रकोप नरोकिए उपमहानगरले आवश्यक छलफल गरेर निर्णय गर्छ ।' उनले निजी विद्यालयको हकमा छलफल गरेर निर्णय गर्ने बताएका छन् ।

यसैबीच आँखा पाक्ने समस्याले प्रकोपको रुप लिएपछि हेटौंडाका विद्यालयहरुले समेत अभिभावकहरुलाई सचेत रहन पत्रचार गरेका छन् । आँखा पाक्ने समस्याबाट बालबालिकाहरुलाई बचाउन विद्यालयहरुले पत्रचार गरेका हुन् । विद्यालयहरुमा अहिले पहिलो त्रैमासिक परिक्षा चलिहरेकोले बिद्यायहरु बन्द गर्न समय समेत नभएकोले रोकथाम र सचेतता अपनाउन आग्रह गरिएको हेटौंडा २ को बालजागृती बोर्डिङ स्कुलमा प्रिन्सिपल विनोद सुवेदीले बताए । आँखा पाक्ने समस्या भएका बाल-बालिकाहरूलाई अनिवार्य रूपमा चस्मा लगाएर मात्र विद्यालयमा पठाउन, घरमा कसैलाई यो समस्या देखिएमा सकेसम्म बाल-बालिकाहरूलाई संक्रमित व्यक्तिबाट टाढा राख्न, आफ्नो बालबालिका हरूलाई परीक्षामा आवश्यक सामग्री अनिवार्य रूपमा घरबाट नै पठाउने र साथी भाईसँग साटासाट नगर्न सुझाव दिन अनुरोध गरिएको सुवेदीले बताए ।

संक्रमित बाल-बालिकालाई अनिवार्य रूपमा स्यानीटाइजर लिएर पठाउन, बेला बेलामा प्रयोग गर्न प्रेरित गर्न, कुनै पनि सामान चलाई सकेपछि अनिवार्य रूपमा साबुन पानीले हात धुन लगाउन, सफा पानीले आँखा पखाल्न लगाउन बालबालिकाहरुलाई सिकाउने गरेको उनले बताए ।

यो रोग लाग्दा संक्रमित व्यक्तिको आँखाबाट पानी निस्कने, चिप्रा लाग्ने हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हात वा अन्य कुनै माध्यमले स्वस्थ व्यक्तिको आँखामा पुग्दा संक्रमण सर्छ । त्यसैले संक्रमित व्यक्ति वा घरबाहिर गएर फर्केका स्वस्थ व्यक्तिले हात नियमित रूपमा साबुनपानीले धुनुपर्ने चिकित्सकको सुझाव छ । यस्तो संक्रमण भएका बेला तौलिया, रुमाल, लुगाफाटो, मेकअपका सामान अरूलाई प्रयोग गर्न दिनु हुँदैन ।

# पहिरोमा हराइरहेकामध्ये एकको जीवितै उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ मकवानपुर र काभ्रेको सीमानामा रहेको सिक्रेदोभानको पहिरोमा परी बेपत्ता भएका एक जनाको १२ घण्टापछि जीवितै उद्दार गरिएको छ । उद्दार गरिएका व्यक्ति १९ वर्षीय पासाङ घिसिङ रहेका छन् । सिन्धुली हरिहरपुर-१ का घिसिङ सो घरमा पाहुना लाग्न आएका थिए ।

अविरल वर्षाको कारण मंगलबार बिहान ४ बजे बागमती-५ सिक्रेदोभानमा खसेको भलसहितको पहिरोले स्थानीय अक्कलबहादुर स्याङ्तानको घर बगाएको थियो । पहिरोमा परी स्याङ्तानकी श्रीमती ५५ वर्षकी सन्तमाया स्याङ्तानलाई स्थानीयले उद्दार गरी मेडिकलमा लगेकोमा उपचारको क्रममा मृत्यु भएको थियो । पहिरोमा परी बागमती-५ सिक्रेदोभान बस्ने ६० वर्षीय अक्कलबहादुर स्याङ्तान, निजको छोरी २२ वर्षीया शिला पहरी, ज्वाइँ २५ वर्षीय जीवन पहरी, नाती ४ वर्षीय मिलन पहरी, नातिनी डेढ वर्षकी दिव्या पहरी अझै हराइरहेका छन् ।

सिक्रेदोभान पहिरोमा हराएकाहरुको उद्दारकार्य मंगलबार रातभरका लागि स्थगित भएको छ । सिक्रेदोभानमा मंगलबार बिहान ४ बजेको समयमा खसेको पहिरोमा हराएकाहरुको खोजीकार्य बुधबार बिहानबाट गर्ने गरी स्थगित भएको हो ।

खोजीकार्य स्थगित गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । घटनास्थल दुर्गम स्थानमा रहेको, सडक मार्ग असहज रहेको र रात परेकाले उद्दार कार्य गर्न नसकेको प्रवक्ता कार्कीले बताए । रातको समयमा खोजी कार्यका लागि प्रहरीसँग पर्याप्त सामग्री नभएको र प्रहरी पनि सीमित र असुरक्षित हुने भएकाले खोजीकार्य स्थगित गरिएको उनको भनाई छ ।

प्रवक्ता कार्कीका अनुसार खोजीकार्यमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक विक्रम मगरको कमान्डमा, इलाका प्रहरी कार्यालय झुरझुरे, प्रहरीचौकी भोर्लेनी लगायतका ईकाईबाट करिब ३५ जना जनशक्ति परिचालन भएका थिए ।

उद्दारमा खटिएका प्रहर ीसँग लाइफ ज्याकेट, गाडीको ट्युब, स्ट्रेचर लगायतका उद्दार सामग्री मात्रै रहेको प्रवक्ता कार्कीले जानकारी दिए । उद्दार टोलीसँग जिल्ला प्रहरी कार्यालयमा छलफल पश्चात् बुधबार बिहानबाट उद्दार तथा खोजीकार्य सुरु गर्ने उनले बताए ।

# उर्लियो बागमती नदी

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ देशभरको मौसममा सामान्यदेखि पूर्णबदली रही मधेस, बागमती, लुम्बिनी र गण्डकी प्रदेशका धेरै स्थानमा रातिदेखि लगातार हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ ।

काठमाडौं उपत्यकामा पनि भारी वर्षा हुँदा खोलानालाको जलसतह बढेको छ । काठमाडौंमा भारी वर्ष हुँदा मकवानपुरको बागमती गाउँपालिका आइपुग्ने बागमती नदी उर्लिएको छ । बागमती नदी उर्लिंदा पाँचपाण्डव भन्ने स्थानमा आधादर्जन घर डुबान भएका छन् ।

उत्तरपूर्व मकवानपुरको भोर्लेनीमा पनि बागमती नदीको जलसतह खतराको तह नजिक रहेकाले तटीय क्षेत्रमा सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले भनेको छ ।

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाका अनुसार बर्दियामा बबई नदीले खतराको तह पार गरेको छ । त्यस्तै रौतहटमा बागमती नदीले पनि खतराको तह पार गरेको महाशाखाले जानकारी दिएको छ । सिन्धुलीको हरिहरपुरगढी क्षेत्रमा खोखजुर खोलाको जलसहत सतर्कताको नजिक रहेको छ ।

मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी र लोथरखोलामा बहाव बढेको स्थानीय पत्रकार शिवकुमार काशीले जानकारी दिएका छन् । मनहरी र लोथर खोलाको नदीउकास क्षेत्रमा बाक्लो बसोबास रहेकाले निरन्तर वर्षा भएसँगै बाढीको जोखिम रहेकाले सतर्क रहन प्रशासनले अनुरोध गरेको छ ।

# राजमार्ग कटान, मकवानपुरमा ६ घर डुबान



साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ लगातारको वर्षाका कारण जिल्लाको पूर्वीक्षेत्रस्थित बागमती नदीमा आएको बाढीले मकवानपुरको बागमती गाउँपालिकामा राजमार्ग कटान गर्नुका साथै आधा दर्जन घर डुबानमा परेको छ ।

बागमतीको वडा नम्बर-४, स्थित पाँचपाण्डपस्थित मदन भण्डारी राजमार्गको केही भाग कटान गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मकवानपुरको बागमती गाउँपालिका र सिन्धुलीको हरिहर पुरगढी गाउँपालिका जोड्ने बागमती पुल नजिकैको सडक कटान गर्दा धरान-चतरा-हेटौंडा राजमार्ग अवरुद्ध भएको डिएसपी टेकबहादुर कार्कीले जानकारी दिए । सडक एकतर्फी मात्र सुचारु रहेको र ठुला गाडीहरुको आवागमनमा जोखिमयुक्त रहेको प्रहरीको भनाई छ ।

त्यस्तै बागमती नदीमा आएको बाढी बागमती गाउँपालिका वडा नं.४ स्थित पाँचपाण्डप बस्तीमा पसेको छ । प्रहरीका अनुसार बाढी बस्तीमा पस्दा ६ वटा घर ढुवानमा परेको छ । घरका मानिसहरु र घरका सामान सुरक्षित स्थानमा सारिएकोजिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# हेटौंडा-काठमाडौं जोड्ने सडकमा पहिरैपहिरो



साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ अविरल वर्षाका कारण अबरुद्ध भएको हेटौंडा र काठमाडौं जोड्ने तीनवटा सडक अपरान्ह संचालनमा आएको छ । हेटौंडा-भीमफेदी-कुलेखानी-काठमाडौं, कान्तिलोकपथ, हेटौंडा-मुग्लिन-काठमाडौं सडकमा पहिरो खसेपछि अवरुद्ध भएको थियो । गएराति हेटौंडा-भीमफेदी-कुलेखानी-काठमाडौं अन्तर्गत मकवानपुर भीमफेदी गाउँपालिका वडा नं.२ ज्यालटारमा पहिरो खसेर सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवापनुरले जनाएको छ । त्यस्तै गएराति मकवानपुर बकैया गाउँपालिका वडा नं.११ लामराङस्थित सडकमा पहिरो खस्दा कान्तिलोकपथ दुबैतर्फ अवरुद्ध भएको हो । सो क्षेत्रमा पहिरो पन्छाएर सडक एकतर्फी संचालनमा ल्याइएको बताइएको छ ।

सडक डिभिजन भतर पुरका अनुसार मुग्लिन-नारायणगढ सडकखण्डको कालिखोलासहित ठाउँठाउँमा पहिरो जाँदा सडक अवरुद्ध भएको थियो । बिहानैदेखि डिभिजन सडकको मेशिनबाट पहिरो पन्छाउने कार्य गरिएको थियो । पहिरो पन्छाएर यातायात सुचारु गरिएको छ ।

# अवैध गाँजासहित मकवानपुरका दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित सोमबार दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरीले जिल्लाको मनहरी गाउँपालिका वडा नम्वर ७ प्याङ्चेबाट अवैध लागूऔषध गाँजा १० किलो ९ सय ग्रामसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा राक्सिराङ गाउँपालिका-८ बस्ने ३० वर्षीय तुलबहादुर रुम्बा र उनकै श्रीमती नीरकुमारी मोक्तान रहेको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । उनीहरुलाई ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले यो परिमाणको गाँजासहित पक्राउ गरेको हो ।

पक्राउ परेका उनीहरु माथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको जनाएको छ ।

# हेटौंडामा थप १० जनामा डेंगू संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ मकवानपुरको हेटौंडामा थप १० जनामा डेंगू संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा थप १० जनामा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार, मंगलबार थपिएसँगै हेटौंडामा डेंगू संक्रमणको कूल संख्या ४० जना पुगेको छ । जसमा १९ जना पुरुष र २१ जना महिला रहेका छन् । यो तथ्याङ्क साउन १ गतेदेखि साउन २३ गतेसम्मको हो ।

यस्तै, जिल्लामा हालसम्म ४४ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । जसमध्ये २२ जना महिला र २२ जना पुरुष रहेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।


## सादर आमन्त्रण

मेरो कान्छो छोरा प्रदिपमान सांगामीको धर्मपत्नी **सरिना सांगामी**को मिति २०८० श्रावण १३ गते भएको असामयीक स्वर्गारोहणमा सागरमा पाल्नुहुने, हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्णमा तपशिलको मिति, समय र स्थानमा १३ औं दिनको पितृप्रसाद ग्रहणको लागि सादर आमन्त्रण गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८० श्रावण २५ गते
स्थान : हेटौंडा-४, स्कूलरोड
(मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.को भवन पछाडि)
समय : दिनको २:०० बजे

**प्रार्थी**
केशवमान सांगामी
एवम्
समस्त सांगामी परिवार
९८४५०२७६४२, ९८४५०५७३३३, ९८४५०४६७५९

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना